# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, असार ११ गते, २०८२ साल (अतिरिक्ताङ्क ६

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### प्रदेश सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०८२

प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरूको नाम "**प्रदेश सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०८२**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम २ मा संशोधन</u>**: प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) **"मन्त्रालय"** भन्नाले यातायात हेर्ने सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।"

३. **<u>मूल नियमावलीको नियम ३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३ को उपनियम (१२) को खण्ड (क) मा रहेको "उत्पादन वर्षले" भन्ने शब्दहरूको सट्टा "शुरु दर्ता भएको मितिले" भन्ने शब्दहरू राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. **<u>मूल नियमावलीको नियम ४ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखी नियम ४क. थपिएको छः-

"४. <u>तीन पाङ्ग्रे ई-रिक्सा दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश यातायात व्यवस्था कार्यालयले तीन पाङ्ग्रे ई-रिक्साको दर्ता तथा नवीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम दर्ता तथा नवीकरण गर्दा लाग्ने शुल्क, दस्तुर सम्बन्धी व्यवस्था प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ।

(३) यो नियम प्रारम्भ हुनुभन्दा अगाडि प्रदेशभित्रका स्थानीय तहमा सरुवा सहमति लिई दर्ता भएका तीन पाङ्ग्रे ई-रिक्साले उपनियम (५) बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिई दर्ताको लागि अनुमति माग गर्नु पर्नेछ र त्यसरी माग भई आएका सवारी साधन अधिकार प्राप्त अधिकारीले दर्ता गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता गर्न आउँदा दर्ता भई सवारी सञ्चालन हुने स्थानीय तह समेत खुलाउनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम दर्ता हुन आएका सवारीको साविककै सवारी नम्बर कायम हुने गरी सवारी दर्ता गर्नु पर्नेछ र त्यस्ता सवारी साधनको हकमा नवीकरण गर्दा स्थानीय तहमा नवीकरण गरेको अवधि समाप्त भएपछि मात्र नवीकरण दस्तुर बुझाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम दर्ता गर्दा अधिकार प्राप्त अधिकारीले जारी गरेको ब्लुबुक (सवारी दर्ता किताब) बाहेक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अन्यले जारी गरेको ब्लुबुक (सवारी दर्ता किताब) दर्ता गरिने छैन।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकार प्राप्त अधिकारीबाट जारी भएको ब्लुबुक स्थानीय तहमा पेस भएको तर स्थानीय तहबाट सरुवा प्राप्त नभई त्यस्तो ब्लुबुक फिर्ता हुन नसक्ने भएमा विवरण खुल्ने गरी ब्लुबुक (सवारी दर्ता किताब) स्थानीय तहले जारी गरेको रहेछ भने त्यस्तो ब्लुबुकलाई मान्यता दिइ अर्को ब्लुबुक प्रतिलिपि सरह जारी गर्नु पर्नेछ।

(८) यस नियम बमोजिम ई-रिक्साको नवीकरणको प्रक्रिया ऐनको दफा ३१ मा भएको व्यवस्था बमोजिम हुनेछ।

४क. <u>बाटो इजाजत सम्बन्धमा</u>: (१) एउटा मात्र स्थानीय तहमा सञ्चालन हुने ई-रिक्साको लागि बाटो इजाजत सम्बन्धित स्थानीय तहले दिनु पर्नेछ।

(२) यस नियमावली बमोजिम दर्ता भएका ई-रिक्सा एकभन्दा बढी स्थानीय तहमा सञ्चालन गर्नु पर्ने भएमा सो को अनुमतिको लागि अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको सवारीलाई पटके बाटो इजाजत दिइने छैन।

(४) उपनियम (२) बमोजिम बाटो इजाजत दिँदा लाग्ने शुल्क दस्तुर सम्बन्धी व्यवस्था प्रदेश आर्थिक ऐन बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(५) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ई-रिक्साको दर्ता अनुमति र बाटो इजाजत पहाडी जिल्लाका समथर भू-भाग भएका स्थानीय तहका वडाहरू बाहेकका क्षेत्र र हिमाली जिल्लाका स्थानीय तहका लागि त्यस्ता साधनलाई बाटो इजाजत दिइने छैन।"

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>ः मूल नियमावलीको नियम ७ को उपनियम (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर मालसामान ढुवानी गर्ने मझौला सवारी साधन (पिकअप भ्यान वा त्यस्तै प्रकृतिको अन्य सवारी साधन) को पछाडि फलाम वा स्टिलको डन्डी वा पारदर्शी जाली प्रयोग गरी भित्र राखिएको मालसामान बाहिरबाट देखिने गरी ढोका राख्दा भने कुनै अनुमति लिनु पर्नेछैन र सो वापत त्यस्ता सवारी साधन नवीकरण गर्दा भने नवीकरण दस्तुर बुझाउनु पर्नेछ।"

६. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>ः मूल नियमावलीको नियम ८ को उपनियम (६), (७) र (९) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "पन्ध्र वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ९ मा संशोधन</u>ः मूल नियमावलीको;

(१) नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. <u>विदेशमा दर्ता भएका सवारी चलाउने अनुमतिपत्र सम्बन्धमा</u>ः प्रदेशमा निर्धारण गरिएको दस्तुर सहित अनुमतिपत्र लिन चाहेमा भन्सार कार्यालयले जारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

गरेको प्रमाण हेरी तीस दिनसम्मको अवधिको लागि अधिकार प्राप्त अधिकारीले अनुमतिपत्र दिनेछ।"

(२) नियम ९ सँग सम्बन्धित अनुसूची १२ झिकिएको छ।

८. <u>मूल नियमावलीको नियम १० मा संशोधन</u>: मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) सवारी साधन कर प्रत्येक आर्थिक वर्षको सवारी दर्ता किताव नवीकरण गर्ने म्याद समाप्त भएको मितिले नब्बे दिनभित्र बुझाई सक्नु पर्नेछ। तर, नब्बे दिनको म्यादले सो आर्थिक वर्ष नाघ्ने भएमा सोही आर्थिक वर्षभित्रमा सवारी कर बुझाउनु पर्नेछ। सो म्यादभित्र नबुझाएमा एक आर्थिक वर्षभित्र बीस प्रतिशत र अर्को आर्थिक बर्षदेखि बत्तीस प्रतिशतका दरले जरिबाना लाग्नेछ।"

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) अन्य प्रदेशमा दर्ता भएका सवारीहरूले यस प्रदेशमा सवारी दर्ताको प्रमाण-पत्र नवीकरण गराउन चाहेमा सवारी दर्ता भएको प्रदेशमा तोकिएको सवारी कर, आयकर लगायत अन्य दस्तुर, शुल्क, जरिबाना सोही प्रदेशले निर्धारण गरे अनुसार असुल उपर गरेर मात्र त्यस्ता सवारी साधनको नवीकरण गर्नु पर्नेछ।"

९. <u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>: मूल नियमावलीको,-

(१) नियम ११ को उपनियम (१४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"तर पैतिस दिन पछि नामसारी गर्न आएमा थप दस्तुर बुझाई अर्को साठी दिनभित्र नामसारी गर्न सकिनेछ।"

(२) नियम ११ पछि देहायको नियम ११क. थप गरिएको छः-

"११क. <u>विद्युतीय प्रणालीमा सवारी दर्ता सम्बन्धमा</u>ः (१) मन्त्रालयले प्रदेशमा विद्युतीय सवारी दर्ता प्रणाली (eVRS) विकास गरी लागु गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रणालीमार्फत सवारीको दर्ता, नवीकरण, बाटो इजाजत, पटके, सवारी जाँचपास र प्रदूषण चेकजाँच लगायत कार्य गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम प्रणाली सञ्चालनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।"

१०. <u>मूल नियमावलीको नियम १८ मा संशोधन</u>ः मूल नियमावलीको नियम १८ को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छः-

"(क१) अगाडितर्फ चालक सहित बढीमा तीन जनासम्म सिट र पछाडितर्फ प्रति एक्सल दश दशमलव दुई टन वा सोभन्दा बढी भार वहन गर्न सक्ने क्षमता भएको,"

११. <u>मूल नियमावलीको नियम १९ मा संशोधन</u>ः मूल नियमावलीको नियम १९ मा रहेका "प्रदेश राजपत्रमा सूचना प्रकाशन" भन्ने शब्दहरू झिकिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

१२. <u>मूल नियमावलीको नियम २० मा संशोधन</u>: मूल नियमावलीको नियम २० को उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छ।

"(क१) सिधै (डाईरेक्ट) पर्यटक माइक्रोबस सेवाः

(१) सिधै (डाईरेक्ट) पर्यटन सेवा चालक सहित १४ सिट संख्या भएको,

(२) सिटको लम्बाइ कम्तीमा १५ इन्च, चौडाई कम्तीमा १६ इन्च, उचाइ कम्तीमा १५ इन्च, पिठ्यूँको उचाइ कम्तीमा २२ इन्च र लेग प्लर्सको दूरी ११ इन्च भई सबै सिटहरू अगाडि फर्केको,

(३) भित्री उचाइ कम्तीमा १३४५ एम. एम. भएको,

(४) प्रवेशद्वारको पहिलो सिढी जमिनको सतहदेखि बढीमा एक फुट उचाइ, झ्यालको लकको अवस्था दुरुस्त भएको।

१३. <u>मूल नियमावलीको नियम २२ मा संशोधन</u>: मूल नियमावलीको नियम २२ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थप गरिएको छः-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सवारी चालक अनुमतिपत्रको विद्युतीय प्रणाली विकास गरी लागू गर्न सक्नेछ। त्यस्तो प्रणालीमार्फत सवारी चालक अनुमतिपत्र सम्बन्धी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

दर्ता, वर्ग थप, नवीकरण, प्रतिलिपि लगायतका सम्पूर्ण कार्य गर्नेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थप गरिएको छः-

"(३क) माथि जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत रहेका वा मन्त्रालयले स्वास्थ्य परीक्षण गर्नको लागि नियुक्त गरेका चिकित्सक तथा मन्त्रालयमा सूचीकृत भएका नेपाल सरकारबाट मान्यता प्राप्त नेपाल मेडिकल काउन्सिलबाट स्थायी प्रमाणपत्र प्राप्त चिकित्सकले तोकिएको कार्यविधि बमोजिम स्वास्थ्य परीक्षणको सेवा उपलब्ध गराउन सक्नेछन्।"

१४. **<u>मूल नियमावलीको नियम २५ मा संशोधन</u>**ः मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (२) मा रहेको "नब्बे दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (५) मा रहेको "पावर टेलर" भन्ने शब्दहरू पछि "ई-रिक्सा" भन्ने शब्द थपिएको छ।

(३) उपनियम (५) पछि देहायको उपनियम (५क) थप गरिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

"(५क) लिखित परीक्षामा सहभागी हुने र लिखित परीक्षा दिनु नपर्ने सवारी चालक अनुमतिपत्र परीक्षाका परीक्षार्थीले ट्राफिक संकेत, सडक सुरक्षा, सवारीको यान्त्रिक अवस्था र सवारी सम्बन्धी ऐन नियमका बारेमा तयार गरिएको घटीमा आधा घण्टाको र बढीमा एक घण्टाको अभिमुखीकरण सम्बन्धी प्रशिक्षण लिने व्यवस्था गर्न सकिनेछ। त्यस्तो प्रशिक्षण कक्षामा सहभागी सेवाग्राहीहरूको हाजिरी विवरण प्रयोगात्मक परीक्षाको माइन्यूट साथ संलग्न राखी प्रमाणित गरी सुरक्षित राख्नु पर्नेछ।

तर ई-रिक्साको लागि लिइने परीक्षाको हकमा यस नियमावली बमोजिम विद्युतीय प्रणालीमा व्यवस्था गरी लागु गरिनेछ।"

(४) उपनियम (५) पछि देहायको उपनियम (६), (७) र (८) थप गरिएको छः-

"(६) समितिले तोकेको व्यक्तिले परीक्षा केन्द्रको केन्द्राध्यक्ष भई परीक्षा सञ्चालन गर्नु गराउनु पर्नेछ। परीक्षा समितिले तोकेको मिति, समय र स्थानमा लिखित परीक्षा सञ्चालन गरिनेछ।

(७) परीक्षा केन्द्रको व्यवस्थापन, सहायक केन्द्राध्यक्ष, निरीक्षकहरू, सुरक्षाका लागि खटिने प्रहरी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

कमाण्डर तथा प्रहरी जवानहरू र कार्यालय सहयोगीको व्यवस्था आवश्यकता अनुसार केन्द्राध्यक्षले गर्नुपर्नेछ।

(८) चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालनमा खटिने पदाधिकारीहरूले पाउने पारिश्रमिक रकम अनुसूची २१क. बमोजिम हुनेछ।"

१५. <u>मूल नियमावलीको नियम २७ मा संशोधन</u>: मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (१) मा "यो नियम लागु हुनु पूर्व संघीय कानूनले" भन्ने शब्दहरू पछि "वा प्रदेश कानूनले" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (३) मा रहेको "पावर टिलरको" भन्ने शब्दहरू पछि "ई-रिक्सा" भन्ने शब्द थपिएको छ।

१६. <u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>: मूल नियमावलीको नियम २८ को,-

(१) उपनियम (१) मा रहेका "बमोजिमको ढाँचामा" भन्ने शब्दहरू पछि "वा विद्युतीय माध्यम मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा "सफ्टवेयर" भन्ने शब्दहरूको सट्टा "विद्युतीय प्रणाली" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (६) पछि देहायको उपनियम (७) थप गरिएको छः-

"(७) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय प्रणाली मार्फत् नवीकरणका लागि प्राप्त भएका आवेदनको सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीले सवारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

चालक अनुमति पत्रको नवीकरणको प्रमाणीकरण अड्चालीस घण्टाभित्र गर्नु पर्नेछ। तर, अभिलेख भिडान नभएमा सोको जानकारी सम्बन्धित आवेदकलाई सोही अड्चालीस घण्टाभित्र लिखित वा विद्युतीय माध्यमबाट गराउनु पर्नेछ।"

१७. <u>मूल नियमावलीको नियम ३१ मा संशोधन</u>ः मूल नियमावलीको नियम ३१ को उपनियम (१) पछि देहायको उपनियम (१क) थप गरिएको छः-

"(१क) उपनियम (१) बमोजिम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित व्यक्तिको नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी मध्ये कुनै एक प्रमाण पेस गर्नु पर्नेछ।

१८. <u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>ः मूल नियमावलीको नियम ३३ मा रहको "प्रचलित संघीय कानून" भन्ने शब्दहरू पछि "वा प्रदेश कानून" भन्ने शब्दहरू थपिएका छन्।

१९. <u>मूल नियमावलीको नियम ३४ मा संशोधन</u>ः मूल नियमावलीको नियम ३४ को उपनियम (३) झिकिएको छ।

२०. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u>ः मूल नियमावलीको नियम ३९ को उपनियम (८) झिकिएको छ।

२१. <u>मूल नियमावलीको नियम ४६ मा संशोधन</u>ः मूल नियमावलीको नियम ४६ को उपनियम (७) पछि देहायको उपनियम (८) र (९) थपिएका छन्:-

"(८) उपनियम (१) बमोजिम दरखास्त दिने विशेष प्रकृतिको सवारीका धनीले सवारी साधन जाँचपासको लागि अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्न नसक्ने उपयुक्त कारण सहित निवेदन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

दिएमा कार्यालयले जाँचपास गर्ने योग्यता पुगेको कर्मचारीलाई सवारी भएको स्थानमा खटाई सवारी जाँचपास गर्न सक्नेछ। त्यसरी गरिने जाँचपासको लागि सवारी धनीले आर्थिक ऐनले तोके बमोजिमको शुल्क अग्रिम बुझाउनु पर्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ई-रिक्साको हकमा जाँचपास गर्न सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट घुम्ती शिविरसमेत सञ्चालन गरी जाँचपास गर्ने आवश्यक व्यवस्था गर्न सकिनेछ।"

२२. **<u>मूल नियमावलीको नियम ५२ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ५२ को उपनियम (५) र (७) झिकी उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छः-

"(८) कुनै कम्पनी प्रा.लि. वा फर्मसँग आवद्ध भइ यातायात सेवामा पञ्जीकृत भएको सवारी त्यस्तो कम्पनी प्रा.लि. वा फर्मसँगको आवद्धता परित्याग गर्न चाहेमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवद्धता परित्यागको निस्सा दिनु पर्नेछ।"

२३. **<u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ६५ को सट्टा देहायको नियम ६५ राखिएको छः-

"६५. **<u>बिमा प्रमाणपत्र र बिमा लेख</u>**ः (१) सवारी धनी वा व्यवस्थापकले सवारीको नवीकरण गर्दा वा नामसारी गर्दा बीमा गरेको प्रमाण अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ र

सोको बिमालेख नम्बर कार्यालयको अभिलेख र ब्लुबुक (सवारी दर्ता किताव) दुवैमा जनाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नवीकरण गर्न आउने सवारी साधनको बिमा अवधि जति बाँकी छ त्यति नै अवधिको ब्लुबुक (सवारी दर्ता किताब) नवीकरण गर्नु पर्नेछ। तर, नियमानुसार लाग्ने दस्तुर कर लगायतका शुल्क पुरै लिनु पर्नेछ।"

२४. <u>मूल नियमावलीको नियम ६९ मा संशोधन</u>ः मूल नियमावलीको नियम ६९ को,-

(१) उपनियम (२) मा रहेको "पचास मिटर" भन्ने शब्दको सट्टा "दश मिटर" भन्ने शब्द राखिएका छन्।

(२) उपनियम (४) मा रहेको "प्रचलित कानून र संघीय कानून" शब्दको सट्टा "प्रदेश कानून" भन्ने शब्द राखिएका छन्।

(३) उपनियम (५) मा रहेका "प्रचलित कानून" भन्ने शब्दहरूको सट्टा "प्रदेश कानून" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (५) पछि देहाएको उपनियम (६) थपिएको छ।

"(६) प्रशिक्षण केन्द्र सम्बन्धी अन्य व्यवस्था स्वीकृत निर्देशिका बमोजिम हुनेछ।"

२५. <u>मूल नियमावलीको नियम ७३ मा संशोधन</u>ः मूल नियमावलीको नियम ७३ को उपनियम (१) मा रहेको "संघीय कानून" भन्ने शब्दको सट्टा "प्रदेश कानून" भन्ने शब्द राखी नियम ७३क. थप गरिएको छः-

"७३क. <u>वर्कसप, कारखाना वा सवारी चालक प्रशिक्षण केन्द्र बन्द गर्न सक्ने</u>ः कुनै वर्कसप, कारखाना वा सवारी चालक



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रशिक्षण केन्द्रले आफ्नो सेवा बन्द गराउन चाहेमा बन्द गराउन चाहेको अवधिसम्मको सम्पूर्ण दस्तुर, शुल्क तथा जरिबाना लिई अधिकार प्राप्त अधिकारीले तत्काल दर्ता किताबबाट लगत कट्टा गरिदिनु पर्नेछ।"

२६. <u>मूल नियमावलीको नियम ७४ मा संशोधन</u>: मूल नियमावलीको नियम ७४ पछि देहायको नियम ७४क. थप गरिएको छः-

"७४क. <u>वर्कसप, कारखाना र प्रशिक्षण केन्द्र सम्बन्धी अन्य व्यवस्थाः</u> वर्कसप, कारखाना र प्रशिक्षण केन्द्र सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि/निर्देशिका बमोजिम हुनेछ।"

२७. <u>मूल नियमावलीको नियम ७५ मा संशोधन</u>: मूल नियमावलीको नियम ७५ मा रहेको समितिको सट्टा देहायको समिति राखिएको छः-

(क) मन्त्रालयको सचिव - अध्यक्ष

(ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको राजस्व हेर्ने महाशाखा प्रमुख वा कार्यालय प्रमुख - सदस्य

(ग) सार्वजनिक यातायात सञ्चालन गर्ने संचालक वा व्यवस्थापक मध्येबाट मन्त्रालयले तोकेका दुईजना प्रतिनिधि - सदस्य

(घ) अटोमोबाइल सम्बन्धी विज्ञ मध्येबाट मन्त्रालयले तोकेको प्रतिनिधि - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) सडक पूर्वाधार हेर्ने सम्बन्धित मन्त्रालयको महाशाखा प्रमुख - सदस्य

(च) यातायात व्यवस्था महाशाखाको महाशाखा प्रमुख - सदस्य सचिव

२८. <u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>: मूल नियमावलीको नियम ७६ मा रहेको हालको व्यवस्थालाई उपनियम (१) कायम गरी देहायको उपनियम (२) थप गरिएको छः-

"(२) भाडा निर्धारण परामर्श समितिले दिएको परामर्शका आधारमा मन्त्रालयले वैज्ञानिक भाडा निर्धारण गर्नेछ।

२९. <u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>: मूल नियमावलीको नियम ७६ पछि देहायको नियम ७६क. थप गरिएको छः-

७६क. <u>स्वचालित भाडादर लागु गर्ने</u>: नियम ७६ बमोजिमको समितिले वैज्ञानिक भाडादर सिफारिस गरी मन्त्रालयले निर्धारण गरे पश्चात् अर्को पटक सोही प्रकृतिको भाडादर निर्धारण गर्नु नपर्ने अवस्थासम्मको लागि पेट्रोलियम पदार्थको मूल्य पाँच प्रतिशतभन्दा बढी वा घटी भएमा मन्त्रालयले स्वीकृत मापदण्ड बमोजिम भाडादर कायम गरी सार्वजनिक सूचना प्रकाशित गर्नेछ। त्यस्तो मापदण्ड स्वीकृत नभएसम्मको लागि साविक मापदण्ड बमोजिम हुनेछ।"

३०. <u>मूल नियमावलीको नियम ७९ मा संशोधन</u>: मूल नियमावलीको नियम ७९ को;

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१) उपनियम (१) झिकिएको छ।

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपनियम (२) को खण्ड (छ) को देहाय (१०) मा रहेको "प्रदेश मन्त्रालयले" भन्ने शब्दहरू झिकिएका छन्।

(४) उपनियम (२) को खण्ड (छ) को देहाय (११) झिकिएको छ।

३१. मूल नियमावलीको नियम ८९ मा संशोधनः मूल नियमावलीको नियम ८९ को सट्टा देहायको नियम ८९ राखिएको छः-

"८९. कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेः ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्थाको विपरीत नहुने गरी प्रदेश सरकारले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ।"

३२. मूल नियमावलीको अनुसूची-१५ मा संशोधनः मूल नियमावलीको अनुसूची-१५ को;

(१) अनुसूचीमा रहेको "कार्यालय प्रयोजनका लागि" भन्ने शब्दहरूको अगाडि देहायको वाक्यांश थप गरिएको छः-

"माथि उल्लिखित विवरण मध्ये आवश्यक विवरण भरी बाँकी ठाउँ खाली राख्न सकिनेछ।"

(२) क्रम संख्या २ झिकिएको छ।

३३. मूल नियमावलीको अनुसूची-२४ मा संशोधनः मूल नियमावलीको अनुसूची-२४ को क्रम संख्या ५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(क) पाएको बाटो वा जिल्ला वा पालिकाः-

नोटः- नियमानुसार सवारीले पाउने फरक बाटो, इजाजतपत्रको बाटो वा जिल्ला वा पालिका आंशिक वा पूरा के हो सोको विस्तृत रुपमा नाम सहित जनाउनु पर्नेछ।"

३४. **रूपान्तरण**: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "यातायात व्यवस्था निर्देशनालय वा निर्देशनालय" भन्ने शब्दहरूको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी "निर्देशक" भन्ने शब्दको सट्टा "महाशाखा प्रमुख" भन्ने शब्दहरू राखी र "भौतिक पूर्वाधार विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- २१क.

(नियम २५ को उपनियम (६) सँग सम्बन्धित)

<u>पारिश्रमिक खर्च दररेट सूची</u>

चालक अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालनमा संलग्न रहने पदाधिकारीहरूले पाउने पारिश्रमिक खर्चको दररेटः

१. लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालनका लागिः

| | |
|---|---|
| (क) केन्द्राध्यक्ष | रु. ३००।- |
| (ख) सहायक केन्द्राध्यक्षहरू | रु. २५०।- |
| (ग) निरीक्षकहरू | रु. २००।- |
| (घ) सुरक्षाका लागि खटिने प्रहरी कमान्डरहरू | रु. २००।- |
| (ङ) सुरक्षाका लागि खटिने प्रहरी जवानहरू | रु. १५०।- |
| (च) कार्यालय सहयोगी | रु. १००।- |

२. उत्तर पुस्तिका परीक्षण गर्ने व्यक्तिलाई प्रति उत्तर पुस्तिका रु. ५।- र उत्तर पुस्तिका पुनः परीक्षण गर्ने व्यक्तिलाई रु. २।- का दरले प्रति उत्तर पुस्तिका पारिश्रमिक खर्च दिने ।

३. प्रयोगात्मक परीक्षा सञ्चालनका लागिः
प्रयोगात्मक परीक्षामा विज्ञका रूपमा आमन्त्रण गरिएका बढीमा दुईजना व्यक्तिहरू समेतलाई प्रति व्यक्ति रु. १५०।-

४. सबै प्रकारका परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनका लागि समितिको अध्यक्षले खटाइए बमोजिम कार्य गर्ने बढीमा दुईजना सहयोगी कर्मचारीहरूलाई पारिश्रमिक बापत प्रति कर्मचारी रु. २००।-

५. प्रश्नपत्र भण्डार (Question Bank) का लागि प्रश्न पत्र तयार गर्ने पदाधिकारीहरूको पारिश्रमिक खर्च

| | |
|---|---|
| (क) प्रति सेट प्रश्न पत्रको | रु. ५००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) कम्प्युटर अपरेटर र प्रश्नपत्र परिमार्जन गर्ने व्यक्तिलाई पारिश्रमिक बापत रु २००।-

*(नोट :उपर्युक्त कार्यहरू एकै दिनमा सम्पन्न गर्दा एकभन्दा बढी कार्यका लागि संलग्न रहने व्यक्ति वा कर्मचारीले कुनै एक कार्यको मात्र पारिश्रमिक पाउने छन्।)*

प्रमाणीकरण मितिः- २०८२/०३/११

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**